# सुकुम्बासी बस्ती खाली गर्ने क्रममा बालबालिकामाथि परेको असरः अवस्था र सुझाव



बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान


**संयोजन**

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान, **का. म. पा. - २९, अनामनगर, काठमाडौं**

**इमेलः** czopp.central@gmail.com

**वेभसाइटः** www.czopnepal.org.np

**सहकार्य**

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च, बालविकास समाज,

नेपाल महिला एकता समाज, अनौपचारिक सेवा केन्द्र (इन्सेक), लगायतका संस्थाहरु


**सुकुम्बासी बस्ती खाली गर्ने क्रममा बालबालिकामाथि परेको असरः**

प्रकाशन : २०८३ असार ४

# अवस्था र सुझाव

## १.पृष्ठभूमिः

२०८३ बैशाख १२ गतेदेखि सुकुम्बासी बस्ती खाली गर्ने नेपाल सरकारको निर्णय र कार्यले धेरै संख्यामा बालबालिका प्रभावित हुन पुगेको तथ्यले देखाएको छ । बालबालिकाका गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यमा समेत गम्भीर समस्या परेको विभिन्न समारचार तथा स्थलगत अनुगमनका प्रतिवेदनहरूले देखाएको छ। बालबालिका, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिकहरूको सवालमा सम्वेदनशील हुनुपर्ने विषयहरू गम्भीर रूपमा उठेका छन् । यसै सन्दर्भमा बालअधिकारसँग कार्यरत संघसंस्थाहरु र सम्बन्धित सरोकारवालाहरुसँग भएको छलफल, स्थलगत अनुगमन तथा सञ्चार माध्यममा प्रकाशित समाचारको अध्ययन र विश्लेषणका आधारमा सुकुम्बासी स्थानान्तरण वा बस्ती खाली गर्ने प्रक्रियामा बालबालिकाको अधिकारको अवस्थाबारे अध्ययन तथा यो सुझाव पत्र तयार गरिएको हो ।

## २.अध्ययनको उद्देश्यहरू

- सुकुम्बासी बस्ती खाली गराउने प्रक्रियाले बालबालिकामाथि पारेका प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरूको पहिचान गर्ने,
- बाल बचाउ, संरक्षण, विकास र सहभागिताको दृष्टिकोणबाट बालअधिकारको वर्तमान अवस्थाको विश्लेषण गर्ने,
- बालअधिकार संरक्षण तथा बालमैत्री व्यवस्थापन सुनिश्चित गर्न सम्बन्धित निकायका लागि सुधारात्मक सुझाव प्रस्तुत गर्ने ।

## ३. अध्ययनका विधिहरू

यो अध्ययनका क्रममा स्थलगत अनुगमन, व्यक्तिगत अन्तरवार्ता, सामचार तथा नीतिनियमहरुको अध्ययन लगाएतका विधिहरु अपनाईएको थियो । राष्ट्रिय मानवअधिकार आयोग, महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय सहित ३० वटा नागरिक संघसंस्था, सञ्चारमाध्यम लगायत ३९ जना प्रतिनिधिहरुसँग २०८३ साल बैशाख १७ गते सुकुम्बासी क्षेत्रमा कार्यरत संघसंस्थाहरुको अनुभव सहितको छलफल आयोजना गरेको थियो । मिति २०८३ जेठ ३ र ४ गते मानवअधिकार आयोग, सिजप र ईन्सेक सहितको संयुक्त अनुगमन टोलीले नागार्जुन किर्तिपुर, भक्तपुर र बनेपा होल्डिङ्ग केन्द्रहरु भ्रमण गरी २७ जना (९ बालबालिका सहित)सँग व्यक्तिगत छलफल र स्थलगत अवलोकन गरेको थियो भने होल्डिङ्ग केन्द्रहरुमा रहेका व्यक्तिहरु स्वम्सेवक, कर्मचारी, सुरक्षाकर्मी, लगायतका व्यक्तिहरुबाट समेत जानकारीहरु संकलन गरिएको थियो । ४० भन्दा बढी समाचार माध्यममा आएका सामाचारहरुको विश्लेषण गरिएको छ । यसैगरी नेपाल महिला एकता समाज, ईन्सेक लगायतका स.स्थाहरुको स्थलगत अनुगमनका तथ्यांकहरु समेत समेटिएको छ ।

## ४. सुकुम्बासी तथा भूमिहीनप्रति राज्यमा भएका संवैधानिक, नीतिगत र कानुनी व्यवस्थाहरू

### ४.१ संवैधानिक व्यवस्थाहरू

नेपालको संविधानको धारा १६ बमोजिम नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा ३७ प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक, धारा ३६ खाद्य सम्बन्धी हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक, धारा ३३ रोजगारीको हक, ३१ शिक्षा सम्बन्धी हक, २८ गोपनीयताको हक, ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४२ सामाजिक न्यायको हक रहेको छ ।

### ४.२ कानुनी व्यवस्थाहरू

कानुनी व्यवस्थाका सन्दर्भमा आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ("आवास" भन्नाले आवासीय प्रयोजनको लागि निर्माण गरिएको भवन, घर, सोको अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचना सम्झनु पर्छ, आवासविहीन भन्नाले आवास सुविधा उपलब्ध गराउने व्यक्ति तथा परिवार सम्झनु पर्दछ), प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुनेछ भन्ने व्यवस्था, भूउपयोग ऐन, २०७६, भूमि सम्बन्धी (आठौं संसोधन) ऐन, २०८१, बालबालिका सम्बन्धी ऐन, २०७५ (दफा १६ (१) मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ, दफा १८ को राज्यको दायित्वमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा

लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ ।) दफा २० (क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्नु पर्दछ ।

### ४.३ नीतिगत व्यवस्थाहरू

राष्ट्रिय बालबालिका नीति, २०८० को लक्ष्य, प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गिण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने रहेको छ भने उद्देश्यमा बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्दै बालमैत्री वातावरण सिर्जना गर्नुपर्ने नीतिगत, संवैधानिक तथा कानुनी व्यवस्था प्रसस्त  रहेका छन् तथापी नेपाल सरकारले भूमिहीन सुकुम्बासी बस्तीको व्यवस्थापन गर्ने क्रममा सिर्जित बालसंरक्षणको सवालप्रति थप सम्वेदनशील हुनुपर्ने सरकारको दायित्व भित्र पर्दछ ।

## ५. वास्तविक अवस्थाः

२०८३ बैशाख १२ देखि २१ गतेसम्मका विभिन्न सार्वजनिक बिदाका दिनमा सरकारले प्रक्रिया नपुर्‍याई व्यवस्थापन गर्ने भन्दै काठमाडौँ उपत्यकाका १९ वटा बस्तीहरू र देशका अन्य विभिन्न स्थान (कोहलपुर, सिमरा, बुटवल, पोखरा, नेपालगञ्ज लगायतका क्षेत्र)मा अमानविय र अनियन्त्रितरुपमा डोजर चलाएको छ। काठमाडौँ जिल्ला प्रशासन कार्यालयका अनुसार काठमाडौँ जिल्लामा २ हजार ६ सय ८७ घरटहराका २ हजार ५ सय ०१ परिवारका १५,३०१ व्यक्तिहरूलाई जबर्जस्ती विस्थापित गराईएका छन् । जहाँ ३१३३ बालबालिका (१६९६ बालिका र १४३७ बालक) रहेका छन् । ५ वटा विद्यालयहरू (सरस्वती आधारभूत विद्यालय, जागरण विद्यालय, बुद्धज्योति बाल उद्यान, बाल कल्याण प्रा.वि., श्री पाथीभरा अधारभूत विद्यालय), केही मन्दिर, गुम्बा समेत भत्काईएका र २ जना व्यक्तिलाई आत्महत्या गर्न बाध्य बनाईएको छ । स्थलगत अनुगमनका क्रममा होल्डिङ्ग केन्द्रमा रहेका विद्यालय जानुपर्ने १०४ (७० जना कक्षा ५ सम्म, १६ जना कक्षा ८ सम्मा, १४ जना कक्षा १२ सम्म र ४ जना स्नातक सम्म) बालबालिकाको विवरण थाहा भएको छ ।

सुकुम्बासी बस्ती हटाउने प्रक्रियामा नेपालको वर्तमान संविधान, नीति, ऐन, कानुन, विधि प्रक्रिया, सूचना, जानकारी, पूर्व तयारी र सरकारी निकायको बिचमा प्रभावकारी समन्वय हुन नसक्दा, बालबालिका, सुत्केरी, गर्भवती, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दीर्घ बिरामी, परीक्षा दिने, भर्ना भई स्कुल जाने उमेरका बालबालिकामा बढि असर परेको देखिएको छ ।

## ६. सुकुम्बासी समुदायका बालबालिकामा परेका असरहरू

सुकुम्बासी बस्ती जबर्जस्ती खाली गराउने प्रक्रिया र होल्डिङ्ग केन्द्रमा रहेका बालबालिका तथा उनीहरुको परिवारको अवस्थामा परेको असरहरू

### ६.१ बालबालिकाको बाँच्न पाउने अधिकारमा परेको असर

- बालबालिकाको सम्मानपूर्वक र संरक्षित भएर बाँच्न पाउने तथा सुरक्षित आवास पाउने हकमा असर परेको,
- परिवारका दैनिक जीवनका आधारभूत आवश्यकता (औषधी उपचार, सरसफाइ, पानी, खाना, पारिवारिक सम्बन्ध, आदि) परिपूर्ति गर्न कठीनाई भएको,
- केही होल्डिङ् केन्द्रमा नै बाढी आउने सम्भावना रहेकोले प्राकृतिक विपद्को जोखिम भएको,
- विरामी बालबालिकालाई समयमा औषधीको उपलब्धतामा समस्या रहेको,
- बालबालिका र गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खानाको अभाव, न्यानो कपडा, सुत्केरी अवस्थामा पाउनु पर्ने स्याहार, खोप लगायतका विषयमा गम्भीर समस्या परेको,
- बालबालिकाका जन्मदर्ताहरू, अभिभावकका नागरिकता, शैक्षिक प्रमाणपत्रहरू तितरवितर भएका, हराएका र अब त्यसको व्यवस्थापन गर्न कठीनाई भएकोले पहिचानमा नै समस्या आउने देखिएको छ ।

### ६.२ बाल संरक्षणका सन्दर्भमा

- एउटै टेन्ट र साँघुरो स्थान तथा फ्लाटमा धेरै परिवारहरु बस्दा विशेष गरी बालबालिका माथि कुटपिट, यौन दुर्व्यवहार तथा शोषण हुन सक्ने र बालबालिकाले आफूलाई असुरक्षित महसुस गरेको, गोपनियता नभएको,

- सुरक्षाकर्मी (नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना)ले पोशाक लगाएर नै बस्ती वा आफू बसिरहेको घर भत्काउँदा तथा र उनीहरूलाई ठूलो सुरक्षा घेराबाट अपराधी झैं निकालिदा र होल्डिङ्ग केन्द्रमा समेत सुरक्षा निकायको निगरानी हुनु परेकोले बालबालिकाको मानसिकतामा दीर्घकालीन गम्भीर असर परेको,
- आफू बसिरहेको बस्तीबाट जबर्जस्ती हटाउँदा बालबालिका र उनीहरूको परिवारमा मानसिक स्वास्थ्यमा प्रत्यक्ष रूपमा गम्भीर असर परेको जस्तैः खान मन नलाग्ने, निद्रा नलाग्ने, पढ्न मन नलाग्ने, एक्लै बस्ने, झोक्राउने, घर भत्केको झलझली याद आउने, उदापन, तथा तनाव, परिवारले बालबालिकालाई बोझको रूपमा लिएको, पारिवारिक सम्बन्ध खटपट भएको, आत्महत्याको विचार समेत आउने गरेको,
- होल्डिङ् केन्द्रमा बसेका स्थानमा रहेका विद्यालयमा भर्ना भएका र गरिएका बालबालिकालाई 'सुकुम्बासी' भनेर हेपेको, खाजा खाँदा विभेद गरेको गुनासो, शारीरिक सजायँसम्म पाएको,
- केही सुकुम्बासी बस्तीका बालिका तथा किशोरीहरू होटल, रेष्टुरेन्टहरूमा श्रमिकको रूपमा काम गर्न थालेका,
- बालबालिका तथा किशोरकिशोरी दुर्व्यसन र लागु पदार्थको थप जोखिममा पर्ने सम्भावना देखिएको,
- होल्डिङ् सेन्टरबाट वरिपरि निस्किदा सुकुम्वासीको बच्चाहरू आयो भन्ने, फोटो खिच्ने, भिडियो बनाउने जस्ता सामाजिक तिरस्कारका कारण बालबालिका समाज पति घृणीत बन्ने जोखिम,
- केही केन्द्रहरूमा सुरक्षाकर्मीसहित उच्च निगरानीमा राखिएको, परिवारका सदस्यलाई आफन्त, छिमेकीहरूसँग भेट्न जाने, भेट्न आउने कुरामा अवरोध गरिएको, आदि देखिएको छ ।

### ६.३. बाल विकासका सन्दर्भमा

- बैशाख महिनाको १५ गतेदेखि विद्यालयमा भर्ना हुनपर्ने बैशाख १२ गतेबाट घरबस्तीमा डोजर लाग्दा विद्यार्थीको विद्यालय गएर नियमित बालमैत्री वातावरणमा पढन पाउने अधिकारमा असर परेको साथै आफूले पढिरहेका विद्यालयहरु भत्केकोमा अध्ययनमा अन्योलता भएको,
- बालबालिकाका विद्यालयको पोशाक, किताब, कापी लगायत शैक्षिक सामग्रीहरू नष्ट भई शिक्षा आर्जन गर्न पाउने अधिकारबाट बञ्चित हुनु परेको,
- एक विद्यालयबाट अर्को विद्यालयमा पढ्न जाँदा भाषिक समस्या समेत परेको, नयाँ विद्यालयमा पढ्न मन नभएको, सुकुम्बासी भनेर विभेद गर्ने भएकोले विद्यालय छोड्ने जोखिमता बढेको,
- होल्डिङ्ग केन्द्रहरूमा बालबालिकालाई खेल्नका लागि खेल सामग्रीहरू र मनोरञ्जनको व्यवस्था सामान्य भएको भएपनि सिमित र प्रभावकारी नभएको,
- धेरै बालबालिकालाई अध्ययनको व्यवस्था नभएको र हालसम्म पनि कहाँ पढ्ने, कसले सहयोग गर्ने, जिम्मेवारी कसले लिने भन्ने कुराहरूमा अन्योलता रहेको, केही होल्डिङ्ग केन्द्रका बालबालिकामा आफ्नो विद्यालयमा पढिरहेको विषय अब पढ्ने भनिएको विद्यालयमा नहुँदा फरक विषय पढ्न र कक्षा दोहोऱ्याउनमा दवाव सिर्जना भएको,
- बालबलिकाले आफ्नो समुदाय, साथीहरू गुमाएको, धेरै जसोमा त परिवारको सदस्य समेत तितरबितर भएका कारण बालबालिकाको सामाजिक विकास प्रभावित भएको, परिवारको रोजगारी गुमेकोले अवस्था छ ।

### ६.४. बाल सहभागिताका सन्दर्भमा

- बालबालिका र उनीहरूको परिवारका सदस्यहरूलाई बालबालिकाको चाहना र आवश्यकताका बारे कसैले नसोधेको र केही कुरा उनीहरूले सोध्दा पनि जवाफ नपाएकोले भावना र विचारको कदर नभएको,
- बालबालिकाको कुरा सुन्ने र गुनासो सुन्ने कुनै पनि संयन्त्र नभएको र कसैले वास्ता नगरेको,
- परिवार सँगसँगै र बालबालिका आफैं पनि विरोध ऱ्याली र जुलुसमा जाँदा जोखिमता झनै बढ्दै गएको,
- विद्यालयमा समेत समावेशीताको भन्दा विभेदकारी व्यवहार बढी भएको महसुस बालबालिकाले गरेका,
- अभिभावकहरू नै अन्योलको अवस्थाबाट गुज्रिनु परेका कारण बालबलिकाको बसाइ, पढाइ, आदि सूचनामा उनीहरुलाई समावेश गराउन नसक्दा सूचनाबाट अलग्याएको अनुभव भएको,
- आफ्नो बाल समूह, साथीहरूसँग सहभागी भई सिर्जनात्मक कार्यहरूमा भाग लिने अवसरबाट बञ्चित,

### ६.५ अन्य अवस्था ताथ असरहरु

स्थलगन अनुगमनका समयमा प्राप्त गुनासा, अपेक्षाहरू वास्तविक अवस्था

- कतिपय परिवार तथा बालबालिकाले बताएअनुसार सरकार तथा नगरपालिकाबाट आधिकारिक व्यक्तिहरु आएर छलफल नै भएको छैन र सबैको प्रश्न छ कहिलेसम्म बस्ने हामी, यो जेल जस्तो भयो ?
- संघसंस्थाका प्रतिनिधि र पत्रकारहरूलाई प्रवेश छैन, सरकारका ठुला मान्छे आउँदैनन् अनि हामीले हाम्रा कुरा राख्न पाएनौँ । तपाईंहरूले सरकार समक्ष हाम्रा कुराहरू पुऱ्याइ दिनु पऱ्यो, सरकारले राम्रो ठाँउ उपलब्ध गराउनु हुन्छ कि भन्ने आशा छ । हामीलाई सुरक्षित महशुस भएको छैन,

## ७. सुकुम्बासी बस्ती खाली गर्दा सरकार संवेदनशील हुनुपर्ने विषयहरू:

सरकारले सुकुम्बासी बस्ती खाली गर्दा पूर्व तयारी गरी बालअधिकार र मानवअधिकारको सम्मान गर्दै पूर्व तयारी गर्नु पर्दछ ।

- मानव अधिकार तथा बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र प्रतिबद्धतालाई ध्यान दिनुपर्ने,
- वास्तविक जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति र परिवारको लगत सङ्कलन गरी बासस्थान र रोजगारीको योजना सहित आधारभूत आवश्यकताको विकल्प सहित दिर्घकालिन रुपमा समस्या समाधानसहित बस्ती खाली गर्नुपर्ने,
- बस्ती खाली गर्दा सम्बन्धित सरोकारवालासँग प्रयाप्त छलफल गरी भूमीहीन, सुकुम्बासी, दलितहरू परिवार र बालबालिका, गर्भवती, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दीर्घ रूपमा औषधि सेवन गर्नुपर्ने व्यक्तिहरूको पहिचान स्पष्टरूपमा गरिनुपर्ने,
- सार्वजनिक सम्पत्तिको क्षतिहुने विषयमा संवेदनशील हुनुपर्ने जस्तैः विद्यालय, स्वास्थ्य चौकी, धार्मिक आस्थाका धरोहर मन्दिर, गुम्बा र चर्चहरु संरक्षित गरिनुपर्ने तथा उनीहरुसँग सामिप्यतामा रहेका जनावरहरूको संरक्षण गरिनुपर्ने,
- सबै व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्दै सुकुम्बासी र हुकुम्बासीको बिल्ला लगाइनु नहुने, वर्ग र वर्गीय विभेद अन्त्य गरिनुपर्ने,
- समाचार माध्यमहरूमा भ्रामक समाचारहरू भन्दा वास्तविकतालाई बाहिर ल्याउनु पर्ने,

## ८. भएका सकारात्मक पहलहरू

स्थलगत भ्रमणको क्रममा बालबालिका र परिवारका सदस्यहरुले बताउनु भए अनुसार होल्डिङ्ग केन्द्र र अपाटमेन्टहरूमा रहेको सकारात्मक पक्षहरू

- बस्न र सुत्नका लागि टेण्ट र झुलको व्यवस्था, स्यानिटरी प्याडको व्यवस्था, पानीको व्यवस्था भएको,
- प्राथमिक स्वास्थ्य परीक्षण तथा औषधि व्यवस्थापनका लागि स्थानीय स्वास्थ्य संस्था तथा अस्पतालहरूसँग समन्वय गरिएको तर औषधीको अभाव भएको जानकारी भएको,
- खान र बस्नका लागि अप्ठ्यारो नै भएपनि व्यवस्था भएको तर उमेर समूह, व्यक्ति र रोग विशेषको पोषणयुक्त खानाको अभाव रहेको,
- केही बालबालिकालाई नजिकको विद्यालयमा भर्ना गराई यातायात, झोला, किताब तथा कपीको व्यवस्था गरिएको साथै एक सुत्केरी महिलाको परिवारलाई रोजगारीको व्यवस्था गरिएको,
- एक केन्द्रमा केही मनोपरामर्शदाताहरूलाई समेत खटाइएको तर औषत १२-१८ वर्ष उमेरका बालबालिकामा गम्भीर रूपमा मनोसामाजिक असर परेको,
- सरकारले केही गर्छ भन्ने आशा परिवारमा भएको र सर्घषका बाबजुत पनि सरकारसँग सहयोगी र समन्वयकारी भूमिकामा रहेको साथै स्थानीय प्रशासन, प्रहरी निकाय, सहयोग प्रदायक संस्थाहरू बीचमा समन्वय रहेको,

## ९. सुझाव तथा सिफारिसहरू

नेपालको संविधान, नीति र कानुनी प्रक्रिया, विधि र पद्धती र मानवअधिकार तथा बालअधिकारको पालना गर्दै सरकार, संवैधानिक निकाय, नागरिक संघसंस्था, सुरक्षा निकायहरुका लागि सुझाव तथा सिफारिसहरु,

## ९.१ तीनै तहको सरकारलाई सुझाव तथा सिफारिसहरू

- तीनै तहका सरकार बीच प्रभावकारी समन्वय, सहकार्य र साझेदारीपूर्ण रूपमा काम गर्नुपर्ने र तत्कालका लागि जबरजस्ती बस्तीमा डोजर लगाउने कार्य बन्द गर्नुपर्ने,
- वास्तविक भूमिहीन तथा सुकुम्बासी परिवारको पहिचान गरी प्राथमिकताका आधारमा स्थायी वैकल्पिक आवास र रोजगारी तथा बालबालिकाको स्वास्थ्य परीक्षण र शिक्षा निरन्तरताको व्यवस्थापन अनिवार्य गरिनुपर्ने,
- बालबालिका, गर्भवती तथा सुत्केरी महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरूको निम्ति सुरक्षित आवास, पोषणयुक्त खाना, सरसफाइ सामग्री, स्वास्थ्य, सुरक्षा, मनोसामाजिक सहयोग लगायत आधारभूत आवश्यकताहरू सुनिश्चित गरिनुपर्ने,
- होल्डिगं सेन्टरमा रहेका ५ वर्ष मुनिका बालबालिकाको सर्वाङ्गीण विकास र सर्वोत्तम हितका लागि पोषण, खेल, मनोरञ्जन, सुरक्षित वातावरणमा हुर्कन पाउने अवस्था सहितको व्यवस्थापन गरिनुपर्ने,
- धेरै जनासँगै बस्दा हुनसक्ने सम्भावित हिंसा जस्तै यौनदुर्व्यवहार, बालविवाह, बालश्रम शोषण, बेचबिखन तथा ओसारपसारलगायतका जोखिमको बारेमा सचेत र सजग भई बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गर्ने,
- बालबालिकालाई पर्नसक्ने मानसिक तथा मनोसामाजिक प्रभावको आँकलन र मनोविर्मश सेवा प्रदान गर्नुपर्ने,
- विस्थापित बालबालिकाका लागि तत्काल बालमैत्री सिकाइ केन्द्र, वैकल्पिक शिक्षाको व्यवस्था तथा कुनै पनि अवस्थामा विद्यालयमा क्षति नपुर्‍याउने स्पष्ट प्रतिबद्धता सहित बालबालिकाले विभेदरहित शिक्षा आर्जन गर्न पाउने अधिकारको सुनिश्चितता गरिनुपर्ने,
- विद्यालय जाने बालबालिकाको सहजता र अभिभावकको सहजतालाई व्यवस्थापन गर्नुपर्ने जस्तैः शैक्षिक सामग्रीहरूको व्यवस्थापन, विद्यालय तथा छात्रवृत्तिको व्यवस्थापन,
- बालबालिकासँग सम्बन्धित निर्णय प्रक्रियामा उनीहरूको आवाजको सुनुवाइ र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने,
- बालअधिकारका सवालमा कार्यरत नागरिक संघसंस्थासँग सहकार्य र समन्वय गरि कार्य गर्न र संघसंस्थाहरुलाई साझेदारको रुपमा लिनु पर्ने,
- नेपाल सरकारले अधिकतम परिवार संख्याको आधारमा १५-२५ हजारसम्म उपलब्ध गराउने भनिए तापनि उक्त रकम कहिलेसम्म दिने, वास्तविक सुकुम्बासीहरुको व्यवस्थापन जस्ता विषयमा सम्बन्धित सरोकारवालासँगकै छलफलबाट समस्या समाधान गर्नु पर्ने,
- सुकुम्बासी, भूमिहीन, अव्यवस्थित बसोबासको समस्या केबल उपत्यका र शहरी क्षेत्रको मात्र हैन देशभरी करिब ५० लाख छन् त्यसमा करिब ३४ प्रतिशत बालबालिकाका संख्या रहेको हुँदा यसलाई नजरअन्दान गरी पूर्ण र दिगो व्यवस्थापन बिना जबर्जस्ती हटाउन लाग्दा त्यसले समग्र बालबालिकाको शिक्षा, **स्वा**स्थ्य, संरक्षण, मनोसामाजिक समस्या पर्नसक्ने अवस्था तर्फ सचेत हुनुपर्ने ।

## बालबालिकासँग सम्बन्धित संवैधानिक आयोग तथा सरोकारवालाहरूका लागि सुझाव

- राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, मानव अधिकार, महिला अधिकार र बाल अधिकारको दृष्टिकोणले अवस्थाको प्रभावकारी अनुगमन गरियोस्,
- स्थलगत अनुगमन पश्चात वास्तविक अवस्थाको छानविन गरी बालबालिकाको सर्वाङ्गीण विकास र सर्वोत्तम हितमा काम गर्नको निम्ति बालबालिकाको भावना र विचारको कदर, दीर्घ जीवन र विकासको सुनिश्चित गर्न सरकारलाई ध्यानाकर्षण गराइयोस्,

- बस्ती भत्काइएका मानिसहरूमा विशेष गरी बालबालिकामा परेका मनोसामाजिक परामर्शका लागि सम्बन्धित सरोकारवालालाई ध्यानकर्षण गराइयोस्,
- बालबालिका र विद्यालय शान्ति क्षेत्रहुन, बालबालिका राष्ट्रका गौरव हुन्, उनीहरूका जीवनमा असर पार्ने हरेक कदममा सरकार सचेत हुनका निम्ति पहल तथा पैरवी गरियोस्,
- हरेक बालबालिकाका लागि बालमैत्री वातावरणमा न्याय पाउने अधिकारको सुनिश्चित गर्न सरकारलाई ध्यानाकर्षण गराईयोस्, आदि ।

**सुरक्षा निकायका लागि सुझाव तथा सिफारिसहरू**

- बस्तीमा गएर सुरक्षाकर्मीहरुले पोशाक र हात हतियारसहित बालबालिका र परिवारहरुलाई उनीहरु बसिरहेको बासस्थानबाट धरपकड गरी निकाल्न नहुने ।
- होल्डिङ्ग केन्द्रमा भएका बालबालिका, गर्भवती तथा सुत्केरी महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरूको निम्ति सुरक्षित आवास, पोषणयुक्त खाना, सरसफाइ सामग्री, स्वास्थ्य, सुरक्षा, मनोसामाजिक सहयोग लगायत आधारभूत आवश्यकताहरू सुनिश्चित गर्न सहयोग गर्नु पर्ने,
- होल्डिङ्ग केन्द्रमा धेरै जनासँग बसेका तथा विस्थापित बालबालिका र उनीहरूको परिवारलाई हुनसक्ने दुर्व्यवहार, शोषण, हिंसा, बेचबिखनबाट संरक्षण, उनीहरूको गोपनीयताको हक र मैत्रीपूर्ण बासस्थानको सुनिश्चित गर्न पहल गर्नुपर्ने,
- बालबालिका अध्ययन गर्ने विद्यालय, सबै जनताका आस्थाका धरोहरहरू मन्दिर, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरू डोजर लाग्दा भत्कदा हिंसा भडकन सक्छ, त्यसैले बालबालिका थप जोखिममा पर्न सक्छन् भन्ने तर्फ ध्यान दिनु पर्ने,
- नागरिक संघसंस्थालाई अनुगमन गर्न जाँदा प्रहरी प्रशासनसँग सँगै जाने, बोल्न, सोध्न नदिने कार्य बन्द गर्नुपर्ने,
- होल्डिगं केन्द्रमा बसेका बालबालिका र महिलाहरूलाई त्रसित बनाउने गरी बोली व्यवहार र धम्कीपूर्ण रूपमा बन्द गर्नुपर्ने, आदि ।

## अनुसूचीहरू

### अनुसूची १: समाचारका केहि लिंकहरू

- होल्डिङ सेन्टरका सुकुमवासी : साँघुरो कोठामा थुनिएका छन्, ढल मिसिएको पानी खान्छन् — **Online Khabar**
- दुई सय सुकुमबासी राखिएको खरिपाटी होल्डिङ सेन्टर : दुर्गन्ध र झिँगाको बीचमा दीर्घरोगीदेखि सुत्केरी र शिशुको बास
- स्कुल जान नपाएका दिदीभाइ, भन्छन्— हामीलाई यो ठाउँ मन परेन भनेर बालेन सरकारलाई भन्दिनू है! :: सरिशा अछामी :: **Setopati**
- 'होल्डिङ सेन्टर'मा कति छन् पढाइ प्रभावित विद्यार्थी रु ( कृष्णा चौलागाई :: Baahrakhari
- 'होल्डिङ सेन्टर'का बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन आग्रह, Nepal's first 24-hour updated news portal - Ratopati
- होल्डिङ सेन्टरमा सुकुम्बासी बालबालिकाको पढाइको चिन्ता (तस्बिरहरु) - GlobalNagarik GlobalNagarik
- दिउँसो २ बज्दासम्म पेटमा एक दाना पनि परेन, यातना दिएर मार्छन् कि भन्ने डरमा छन् मंगल तामाङ

### अनुसूची २: छलफल कार्यक्रममा उपस्थिति सरोकारवाला सहभागीहरु

| क्र.सं. | नाम | सस्था |
|---|---|---|
| १. | तिलोत्तम पौडेल | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)/जागृति बाल तथा युवा सरोकार नेपाल |
| २. | दुर्गाप्रसाद चालिसे | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| ३. | खिमानन्द बस्याल | राष्ट्रिय मानव अधिकार आयोग |
| ४. | देवीप्रसाद डोटेल | राष्ट्रिय बाल अधिकार परिषद् |
| ५. | अशोक खनाल | बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च |
| ६. | प्रदिप श्रेष्ठ | बाल विकास समाज |
| ७. | राजु घिमिरे | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)/भ्वाईस अफ चिल्ड्रेन |
| ८. | हिरा खतिवडा | बाल हेल्पलाइन |
| ९. | मणिराम आचार्य | एनसिपिए/ एसओएस बालग्राम |
| १०. | श्याम अधिकारी | वर्ल्ड भिजन इन्टरनेशनल |
| ११. | अन्जु भट्टराई | वर्ल्ड भिजन इन्टरनेशनल |
| १२. | केशव आचार्य | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)/सादा नेपाल |
| १३. | रविना तामाङ | नीलहिरा समाज |
| १४. | प्रिति वि.क. | नीलहिरा समाज |
| १५. | रुपा मगर | साथ साथ |
| १६. | अर्चना पोखेल | क्यापेन फर चेन्ज |
| १७. | मिलन साह | |
| १८. | विश्वास नेपाली | भूमि अधिकारकर्मी |
| १९. | सुमित्रा अधिकारी | एटविन |
| २०. | देवकी अचार्य | बाल अधिकार अभियन्ता |
| २१. | बर्षा लुइटेल | एनएडब्लुएचआरडी |
| २२. | भगवती अधिकारी | महिला एकता समाज |
| २३. | अनिता पुडासैनी | |
| २४. | रक्षा खड्का | |
| २५. | कृष्ण गौतम | इन्सेक |
| २६. | विपिन पोखेल, | मिडिया |
| २७. | नरेन्द्र रौले, | रातोपाटी |
| २८. | सन्तराम श्रेष्ठ | बुद्धज्योति विद्यालय |

| | | |
|---|---|---|
| २९. | सुमित्रा लुइटेल | अनलाइन खबर |
| ३०. | राजन महर्जन | सिजप |

**अनुसूची ३: प्रतिवेदन प्रमाणीकरण कार्यक्रममा उपस्थिति सहभागीहरु**

| क्र.सं. | नाम | सस्था |
|---|---|---|
| १ | सन्जु गुरुङ | नेपाल महिला एकता समाज |
| २ | भीम उपाध्याय | श्री साथी नेपाल |
| ३ | स्मृति न्यौपानै | केयर नेपाल |
| ४ | देवकी आचार्य | JCYCN |
| ५ | राजु घिमिरे | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान |
| ६ | राजेन्द्र चौलागाईं | SPCSN |
| ७ | सजिदा निगरानी | SPCSN |
| ८ | निराजन बजगाई | सिडिएस |
| ९ | मधु गुरुङ | NCPA |
| १० | बिना चौधरी | काठमाडौँ महानगरपालिका |
| ११ | प्रकाश खतिवडा | GNB Nepal |
| १२ | सम्झना कुमारी मल्ल | KIRDARC Nepal |
| १३ | शिवप्रसाद खकुरेल | INSEC |
| १४ | अभिषेक तिवारी | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान |
| १५ | राजन महर्जन | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान |
| १६ | सामना कार्की | बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान |